# आ.व. २०७४/०७५ को दोस्रो गाउँसभा, २०७५

## का प्रस्तावहरु




### प्रस्ताव पेश मितिः- २०७४/११/२५

# बंगलाचुली गाउँपालिका

## कमिरेचौर, दाङ

Website: www.bangalachulimun.gov.np

**प्रस्ताव नं. १** बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा

**हुनुपर्ने निर्णय**

पहिलो गाउँसभाबाट स्वीकृत निम्नानुसारका योजना, कार्यक्रम तथा प्रशासनिक खर्चको निम्नानुसारको बजेट खर्च नहुने देखिएकोले उक्त रकम कट्टी गरी तपसील अनुसार कायम हुनुपर्ने ।

**तपसील**

| क्र.सं. | योजना, कार्यक्रम तथा प्र.ख. | स्वीकृत रकम रु. | कट्टी हुने रकम रु. | संशोधित स्वीकृत हुने रकम रु. |
|---|---|---|---|---|
| १ | तलब तथा पारिश्रमिक | १,६०,५०,०००.०० | ५३,५०,०००.०० | १,०७,००,०००.०० |
| २ | महंगी भत्ता | ३,९६,०००.०० | १,५०,०००.०० | २,४६,०००.०० |
| ३ | अन्य भत्ता | २७,००,०००.०० | ५,००,०००.०० | २२,००,०००.०० |
| ४ | घरभाडा | ६,००,०००.०० | ३,००,०००.०० | ३,००,०००.०० |
| ५ | अन्य भाडा | १४,००,०००.०० | ९,००,०००.०० | ५,००,०००.०० |
| ६ | इन्धन | ११,६०,०००.०० | ५,००,०००.०० | ६,६०,०००.०० |
| ७ | इन्धन अन्य प्रयोजन | २,१६,०००.०० | १,५०,०००.०० | ६६,०००.०० |
| ८ | अनुगमन मूल्याङ्कन खर्च | १४,००,०००.०० | ६,००,०००.०० | ८,००,०००.०० |
| ९ | भैपरी आउने खर्च | १९,००,०००.०० | १०,००,०००.०० | ९,००,०००.०० |
| १० | फर्निचर तथा फिक्चर्स | ३१,००,०००.०० | १०,००,०००.०० | २१,००,०००.०० |
| ११ | कार्यालय व्यवस्थापन | १२,५१,०००.०० | ५,००,०००.०० | ७,५१,०००.०० |
| १२ | मेशिनरी औजार | ३४,००,०००.०० | २०,००,०००.०० | १४,००,०००.०० |
| १३ | उझा मन्दिर खानेपानी योजना सर्भे | २,००,०००.०० | १,५०,०००.०० | ५०,०००.०० |
| १४ | छहरेखोला बचेनी लिफ्ट खानेपानी योजना | २,००,०००.०० | १,५०,०००.०० | ५०,०००.०० |
| १५ | रुपलाखोला-लेकतापा लिफ्ट खानेपानी योजना | २,००,०००.०० | १,५०,०००.०० | ५०,०००.०० |
| १६ | ढुङ्गेरह-रोकिनडाँडा खानेपानी योजना | २,००,०००.०० | १,५०,०००.०० | ५०,०००.०० |
| १७ | मागका आधारमा खानेपानी पाइप खरिद | १४,००,०००.०० | ९,००,०००.०० | ५,००,०००.०० |
| १८ | झेलाखोला-टोडकेलेख लिफ्ट खानेपानी योजना | २,००,०००.०० | १,५०,०००.०० | ५०,०००.०० |
| १९ | केबरकार स्थापना सम्भाव्यता अध्ययन | ३,००,०००.०० | २,५०,०००.०० | ५०,०००.०० |

| क्र.सं. | योजना, कार्यक्रम तथा प्र.ख. | स्वीकृत रकम रु. | कट्टी हुने रकम रु. | संशोधित स्वीकृत हुने रकम रु. |
|---|---|---|---|---|
| २० | विभिन्न पर्यटकिय तथा धार्मिक स्थलहरुको संभाव्यता अध्ययन र गुरुयोजना निर्माण तथा पर्यटन सम्बन्धी तालिम | ६,००,०००.०० | ३,००,०००.०० | ३,००,०००.०० |
| जम्मा | | ३,६८,७३,०००.०० | १,५१,५०,०००.०० | २,१७,२३,०००.०० |

**निर्णयः-** प्रस्ताव नं. १ लाई पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २** योजना तथा कार्यक्रम स्वीकृत सम्बन्धमा

**हुनुपर्ने निर्णय**

चालु आ.व. २०७४/०७५ का लागि पहिलो गाउँसभाबाट स्वीकृत योजना, कार्यक्रम तथा प्रशासनिक खर्चहरुमा रकम बचत हुने देखिएकाले यसै आ.व.मा संचालन तथा कार्यान्वयन हुनेगरी निम्नानुसारका थप योजना तथा कार्यक्रम स्वीकृत हुनुपर्ने ।

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | स्वीकृत रकम रु. |
|---|---|---|
| १ | मुर्कुटी-बसै-झेलखोल-छापडाँडा-गोठिवन सडक निर्माण (गणतन्त्र मार्ग) | ३२,००,०००.०० |
| २ | जुम्लेपानी-गडिलेख-पुरुङछेडा मोटरबाटो निर्माण | १५,००,०००.०० |
| ३ | फाँटा-गदारी सडक मोटरबाटो निर्माण (वडा नं. ४) | ६,५०,०००.०० |
| ४ | खाडा-छौँपा सडक निर्माण (वडा नं. १) | ५,००,०००.०० |
| ५ | मसुरे-गदारी सडक निर्माण (वडा नं. ६) | ५,००,०००.०० |
| ६ | मर्पेस-पाखापानी-पुरुङ सडक स्तरउन्नती | ४,५०,०००.०० |
| ७ | खाडा-मर्पेस-पुरुङ-जुम्लेपानी-श्रीवारी-दाङवाङ-रिभान-मसुरे-मुर्कुटी सडक निर्माण (सहिद अजय भरत कृषि मार्ग) | ५,००,०००.०० |
| ८ | रिभान-दाङवाङ सडक निर्माण (वडा नं. ३) | ३,००,०००.०० |
| ९ | पुरुङछेडा खेलमैदान निर्माण (वडा नं. २) | ४,००,०००.०० |
| १० | मा.वि. झेल्नेटा खेलमैदान निर्माण | १०,००,०००.०० |
| ११ | बोचपोखरा-रापधारा सडक निर्माण | ७,००,०००.०० |
| १२ | मा.वि. बोचपोखरा विद्यालय अधुरो भवन निर्माण | ८,००,०००.०० |
| १३ | सम्झौता बमोजिमका म्याचिङ फण्ड भुक्तानी गर्ने | १५,००,०००.०० |
| १४ | भैपरी आउने पुजिगत खर्च | १६,१०,०००.०० |
| १५ | गाउँपालिका कार्यालय परिसर मर्मत संभार | १०,००,०००.०० |
| १६ | गाउँपालिका कानूनी सल्लाहकार सेवा कार्यक्रम | ३०,०००.०० |

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | स्वीकृत रकम रु. |
|---|---|---|
| १७ | न्यायीक समिति संचालन खर्च | ३०,०००.०० |
| १८ | मर्पेस खानेपानी मर्मत संभार | ३०,०००.०० |
| १९ | जेलवाङ-चौकेढुङ्गा जोडने सडक (वडा नं. ७) | १,००,०००.०० |
| २० | १ नं. वडा कार्यालय भवन मर्मत तथा रङरोगन | १,००,०००.०० |
| २१ | २ नं. वडा कार्यालय भवन रङरोगन | ५०,०००.०० |
| २२ | पूर्ण सरसफाई घोषणा कार्यक्रम | २,००,०००.०० |
| **जम्मा** | | **१,५१,५०,००.००** |

**निर्णयः-** प्रस्ताव नं. २ लाई पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३** योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा

**हुनुपर्ने निर्णय**

सम्बन्धित उपभोक्ताहरुको भेला तथा वडा समितिको सिफारिसका आधारमा पहिलो गाउँसभाबाट स्वीकृत भएका निम्नानुसारका योजना तथा कार्यक्रमहरुको स्वीकृत रकम निम्न बमोजिमका योजना तथा कार्यक्रमहरुमा संशोधन हुनुपर्ने ।

**वडा नं. १** को विभिन्न वस्तीमा विद्युत विस्तार योजनामा स्वीकृत रु.४५,००,०००.०० मध्ये जम्मा रु.३७,००,०००.०० (सैतीस लाख) बाट उक्त योजनालाई संशोधन गरी निम्न अनुसारका मोटरमाटो निर्माण गर्ने ।

**क.** तुसारापानी-जरुवा-गोठिवन मोटरबाटो निर्माण रु.८,००,०००.०० (आठ लाख)

**ख.** पैयाखाडा-लाकुरी-पार्धेचौर हुँदै सबला रुपलाखोला-अरङखोला मोटरबाटो निर्माण रु.९,००,०००.०० (नौ लाख)

**ग.** हार्जा मोटरबाटो निर्माण रु.८,००,०००.०० (आठ लाख)

**घ.** राङजाङ-प्यारधारा-रापधारा-काउलेपानी-बोचपोखरा मोटरबाटो निर्माण रु.१२,००,०००.०० (बाह्र लाख)

**वडा नं. १** को राङजाङ सिंचाई पोखरी निर्माणमा स्वीकृत भएको रु.२,००,०००.०० (दुई लाख) बाट उक्त योजनालाई संशोधन गरी बोचपोखरा-रापधारा मोटरबाटो निर्माण गर्ने ।

**वडा नं. २** को बढिखोला-बढिपोखरा-पुरुङछेडा खानेपानी योजनाका लागि स्वीकृत रु.५,००,०००.०० (पाँच लाख) बाट उक्त योजनालाई संशोधन गरी अचलवाङ-छिप्पनडाँडा खानेपानी टंकी निर्माण गर्ने ।

**वडा नं. २** को जनजाती दलितका लागि हाउस वायरिङ्ग तालिमका लागि स्वीकृत रु.२,००,०००.०० (दुई लाख) बाट उक्त योजनालाई संशोधन गरी पोखराडाँडा खानेपानी टंकी निर्माण गर्ने ।

**वडा नं. २** को व्यवसायिक कृषि तालिम तथा टनेल खरीदका लागि स्वीकृत रु.३,००,०००.०० (तीन लाख) बाट उक्त योजनालाई संशोधन गरी निम्न अनुसारका योजनामा विनियोजन गर्ने ।

**क.** प्रा.वि. खाँडा विद्यालय मर्मत रु.१,००,०००.०० (एक लाख) ।

**ख.** बढिखोला-सिमलखोरेट-पुरुङछेडा मोटरबाटो निर्माण रु.२,००,०००.०० (दुई लाख)

**वड नं. ३** को तापा-श्रीवारी-तरा विद्युत विस्तार योजनामा स्वीकृत रु.२२,००,०००.०० (बाइस लाख) बाट उक्त योजनालाई संशोधन गरी निम्न अनुसारका योजनामा विनियोजन गर्ने ।

**क.** तापा सडक निर्माण रु.५,२५,०००.०० (पाँच लाख पच्चीस हजार)

**ख.** तापा विद्युत विस्तार रु.१,७५,०००.०० (एक लाख पचहत्तर हजार)

**ग.** मसलावारी, तिखेचुली, कात्तिके, भेडावारी, कब्जा, ठवेरी, तरा, ज्यामिरे, रातामाटा विद्युत विस्तार रु.७,००,०००.०० (सात लाख)

**घ.** दाङवाङ-दिप-विद्युत पोल परिवर्तन रु.६,००,०००.०० (छ लाख)

**ङ.** श्रीवारी-पाखापानी-सानो बचेनी विद्युत विस्तार रु.२,००,०००.०० (दुई लाख)

**वडा नं. ३** को आधारभुत विद्यालय दाङवाङ भवन मर्मतमा स्वीकृत रु.५०,०००.०० (पचास हजार) बाट उक्त योजनालाई संशोधन गरी आधारभुत विद्यालय दाङवाङको फिल्ड मर्मत गर्ने ।

**वडा नं. ४** को फाँटा सिंचाई कुलो निर्माणमा स्वीकृत रु.३,००,०००.०० (तीन लाख) बाट उक्त योजनालाई संशोधन गरी प्रा.वि. फाँटाको भवन निर्माण तथा मर्मत योजनामा थप गरी रु.८,००,०००.०० (आठ लाख) कायम गर्ने ।

**वडा नं. ५** को बंगलाचुली पर्यटनपूर्वाधार निर्माणमा स्वीकृत रु.९०,००,०००.०० (नब्बे लाख) मध्ये जम्मा रु.५२,००,०००.०० (बाउन्न लाख) बाट उक्त योजनालाई संशोधन गरी निम्नानुसार विनियोजन गर्ने ।

**क.** झेल्नेटा देखि अर्जुनखोलासम्म (पुष्प बन्दना मार्ग) निर्माण रु.१५,००,०००.०० (पन्ध्र लाख)

**ख.** मुर्कुटी देखि मसुरे सम्म सडक (अजय भरत कृषि मार्ग) निर्माण रु.२२,००,०००.०० (बाइस लाख)

**ग.** सुधा मा.वि. झेल्नेटामा प्राविधिक शिक्षा पूर्वाधारका लागि रु.१५,००,०००.०० (पन्ध्र लाख)

**वडा नं. ५** को खोप कार्यकर्ता निरन्तरताका लागि स्वीकृत रु.७२,०००.०० (बहत्तर हजार) बाट उक्त योजना संशोधन गरी सुधा मा.वि. झेल्नेटामा प्राविधिक शिक्षा संचालन अभियान कार्यक्रम संचालन गर्ने।

**वडा नं. ५** को महिला स्वास्थ्य स्वयं सेविका प्रोत्साहन कार्यक्रमका लागि स्वीकृत रु.३३,६००.०० (त्यातीस हजार छ सय) बाट उक्त योजना संशोधन गरी सुधा मा.वि. झेल्नेटा र आधारभुत विद्यालय कुडुलेमा महिनावारी स्वच्छता सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

**वडा नं. ६** को झेलाखोला-टोडके लेख लिफ्ट खानेपानी योजनाका लागि स्वीकृत रु.२,००,०००.०० (दुई लाख), खारखोला लिफ्ट खानेपानी योजनाका लागि स्वीकृत रु.२,००,०००.०० (दुई लाख) र टोडकेलेख बस बिसौनी प्रतिक्षालय निर्माणका लागि स्वीकृत रु.१,००,०००.०० (एक लाख) गरी जम्मा रु.५,००,०००.०० (पाँच लाख) बाट उक्त योजनाहरु संशोधन गरी वडा नं. ६ को वडा कार्यालयको फिल्ड निर्माण गर्ने ।

**वडा नं. ६** को मसुरेखोला अमारे सिंचाई कुलो मर्मतका लागि स्वीकृत रु.५,००,०००.०० (पाँच लाख) बाट उक्त योजना संशोधन गरी भुटनेटा-सिउँडे-बाझगाउँ-अमारे सडक निर्माण गर्ने ।

**वडा नं. ६** को विपन्न महिलाहरुलाई मुढा बनाउने तालिम कार्यक्रमका लागि स्वीकृत रु.१,००,०००.०० (एक लाख) बाट उक्त योजना संशोधन गरी महिलाहरुका लागि वडा स्तरीय पूर्ण सरसफाई अभियान कार्यक्रम संचालन गर्ने ।

**वडा नं. ६** को कृषि समूह र सहकारीका लागि फलफूल र तरकारी बिउ खरिदका लागि स्वीकृत रु.१,००,०००.०० (एक लाख) बाट कृषि समूह र सहकारीका लागि फलफूल र तरकारी बिउ खरिद तथा उत्पादन कार्यक्रम संचालन गर्ने ।

**वडा नं. ८** को टिकुली दमार ढारखोली सिंचाई कुलो निर्माणका लागि स्वीकृत रु.३,००,०००.०० (तीन लाख) बाट उक्त योजना संशोधन गरी ढारखोली सिंचाई पोखरी निर्माण गर्ने ।

**निर्णयः-** प्रस्ताव नं. ३ बमोजिमका योजना तथा कार्यक्रमहरु संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.** ४ बचत रकम विनियोजन सम्बन्धमा

**हुनुपर्ने निर्णय**

संघिय संरचना पूर्वाधार विकास कार्यक्रम अन्तर्गत गत आ.व. २०७३/०७४ मा प्राप्त बजेटबाट वडा नं. १ को बोचपोखरा-बाह्रबिसे-अरङखोला मोटरबाटो मर्मत संभारका लागि स्वीकृत रु.३,००,०००.०० (तीन

लाख) मध्ये बचत रकम रु.५०,०००.०० (पचास हजार) लाई बोचपोखरा-काउलेपानी-रापधारा प्रा.वि. सम्म मोटरबाटो निर्माण गर्ने ।

**निर्णयः-** प्रस्ताव नं. ४ बमोजिम बचत रकम विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५** खर्च अनुमोदन सम्बन्धमा

**हुनुपर्ने निर्णय**

चालु आ.व. २०७४/०७५ को गाउँ कार्यपालिकाको कार्यालयबाट हालसम्म भएको योजना, कार्यक्रम तथा प्रशासनिक खर्चको अनुमोदन हुनुपर्ने ।

**निर्णयः-** प्रस्ताव नं. ५ बमोजिम हालसम्मको योजना, कार्यक्रम तथा प्रशासनिक खर्चको अनुमदन गरियो।

**प्रस्ताव नं. ६** कार्यपालिका बैठकको निर्णय अनुमोदन सम्बन्धमा

**हुनुपर्ने निर्णय**

गाउँ कार्यपालिकाको हालसम्मका बैठकबाट भए गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन हुनुपर्ने ।

**निर्णयः-** प्रस्ताव नं. ६ बमोजिम हालसम्मको हालसम्मका बैठकबाट भए गरेका सम्पूर्ण निर्णयहरु अनुमदन गरियो।

**प्रस्ताव नं. ७** न्यायीक समितिले उजुरीको कारवाही किनारा गर्दा अपाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ सम्बन्धमा

**हुनुपर्ने निर्णय**

न्यायीक समितिको कार्य सम्पादनलाई सहज र परिणाममूखी बनाउन प्रस्तुत विधेयक पारित हुनुपर्ने ।

**निर्णयः-** प्रस्ताव नं. ७ बमोजिम न्यायीक समितिले उजुरीको कारवाही किनारा गर्दा अपाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०७४ पारित गर्ने गरियो।

**प्रस्ताव नं. ८** स्थानीय तह सहकारी विधेयक, २०७४ सम्बन्धमा

**हुनुपर्ने निर्णय**

यस गाउँपालिका भित्रका सहकारी संस्थाहरुलाई व्यवस्थित रुपले दर्ता तथा संचालन गर्नका लागि प्रस्तुत विधेयक पारित हुनुपर्ने ।

**निर्णयः-** प्रस्ताव नं. ८ बमोजिम स्थानीय तह सहकारी विधेयक, २०७४ पारित गर्ने गरियो।

**प्रस्ताव नं. ९** बंगलाचुली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७४ सम्बन्धमा

**हुनुपर्ने निर्णय**

गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन आवश्यक हुने भएकोले प्रस्तुत विधेयक पारित हुनुपर्ने ।

**निर्णयः-** प्रस्ताव नं. ९ बमोजिम बंगलाचुली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७४ पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १०** बंगलाचुली शिक्षा ऐन २०७४ सम्बन्धमा

**हुनुपर्ने निर्णय**

बंगलाचुली गाउँपालिका भित्रका विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी तथा स्रोत साधनको उचित प्रयोग गरी यसै क्षेत्रको शैक्षिक गुणस्तर कायम राख्न स्थानीय तहको महत्वपूर्ण जिम्मेवारी रहेकोले विधिसम्मत तरिकाले शैक्षिक गतिविधि संचालन गर्न बंगलाचुली शिक्षा ऐन, २०७४ पारित हुनुपर्ने ।

**निर्णयः-** प्रस्ताव नं. १० बमोजिम बंगलाचुली शिक्षा ऐन २०७४ पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११** महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा

**हुनुपर्ने निर्णय**

महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०७३/०७४ को लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लिखित बेरुजुहरु फछर्यौट हुनुपर्ने ।

**निर्णयः-** सवारी साधन भाडा सम्बन्धमा महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदनमा औंल्याइएको बेरुजु सम्बन्धमा गाउँपालिकालाई गाडी अत्यावश्यक भएकोले उक्त गाडी भाडा बेरुजु नियमित हुनुपर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२** निर्माण व्यवसायीको इजाजत पत्र दर्ता तथा नविकरण सम्बन्धमा

**हुनुपर्ने निर्णय**

आन्तरिक आय बृद्धीका साथै निर्माण व्यवसायीहरुलाई करको दायरा भित्र ल्याउन आवश्यक भएकोले निर्माण व्यवसायीको इजाजत दर्ता तथा नविकरण गर्दा लाग्ने शुल्क निम्नानुसार स्वीकृत हुनुपर्ने ।

१. घ वर्गको इजाजत पत्रलाई रु.३,०००.०० (तीन हजार)

२. ग वर्गको इजाजत पत्रलाई रु.४,०००.०० (चार हजार)

**३.** ख वर्गको इजाजत पत्रलाई रु.५,०००.०० (पाँच हजार)

**४.** क वर्गको इजाजत पत्रलाई रु.८,०००.०० (आठ हजार)

**निर्णयः-** प्रस्ता नं. १२ सम्बन्धमा पेश भए अनुसार निर्माण व्यवसायीको इजाजत दर्ता तथा नविकरण गर्दा लाग्ने शुल्क स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३** दस्तुर सम्बन्धमा

**हुनुपर्ने निर्णय**

पहिलो गाउँसभाबाट निर्णय हुन छुट भएको निम्नानुसारको दस्तुर स्वीकृत हुनुपर्ने ।

**क.** नाता प्रमाणित दस्तुर रु.२००.०० (दुई सय)

**ख.** मालपोत श्रेस्ता कायम सिफारिस दस्तुर रु.२००.०० (दुई सय)

**निर्णयः-** प्रस्ता नं. १३ सम्बन्धमा पहिलो गाउँसभाबाट निर्णय हुन छुट भएका पेश भए अनुसारका दस्तुर स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४** वन पैदावार निकासी कर सम्बन्धमा

**हुनुपर्ने निर्णय**

वन पैदावार निकासीलाई व्यवस्थित र नियन्त्रित बनाउन निम्नानुसारका वन पैदावारमा निम्नानुसारको निकासी करको दर स्वीकृत हुनुपर्ने ।

**क.** निजी दाउरा प्रति चट्टा रु.४००.०० (चार सय)

**ख.** निजी गोलिया प्रति फिट रु.२५.०० (पच्चीस)

**ग.** सामुदायिक साल प्रति चट्टा रु.१,०००.०० (एक हजार)

**घ.** सामुदायिक अन्य प्रति चट्टा रु.५००.०० (पाँच सय)

**ङ.** ढुङ्गा निकासी

**१.** टेक्टर प्रति ट्रिप रु.१००.०० (एक सय)

**२.** टिप्पर ६ चक्के प्रति ट्रिप रु.३००.०० (तीन सय)

**३.** टिप्पर १० चक्के प्रति ट्रिप रु.५००.०० (पाँच सय)

**निर्णयः-** प्रस्ताव नं. १४ सम्बन्धमा पेश भए अनुसार वन पैदावारमा निकासी करको दर स्वीकृत गर्ने निर्णय गरियो ।